# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, साउन २८ गते २०३१ साल [संख्या १८


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

घर जग्गा कर नियमहरू, २०२० को नियम ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं, पाटन र भक्तपुर शहरी क्षेत्रभित्र पर्ने घरजग्गा करको प्रयोजनको निमित्त घरजग्गा कर नियमहरू, २०२० मा नियम ५ बमोजिम तोकिएको सिद्धान्तको आधारमा मूल्याङ्कन तालीका तयार गरी श्री ५ को सरकारमा पेश गर्न देहायका अध्यक्ष र सदस्यहरू भएको घरजग्गा मूल्याङ्कन समिति गठन गरेको छः—

समितिको अध्यक्ष र सदस्यहरू :—

१. अञ्चल कर कार्यालयको प्रमुख कर अधिकृत वा कर अधिकृत – – – अध्यक्ष
२. आवास भवन तथा भौतिक परियोजना विभागको इन्जिनीयर – – – – सदस्य
३. स्थानीय नगर पञ्चायतको प्रधान पञ्च वा निजले मनोनीत गरेको सदस्य – – – – – – – – – – – – – – – – – – – – सदस्य
४. आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) बाट मनोनीत प्रतिनिधि – – – – – – – – – – – – – – – – – – – – – – सदस्य
५. स्थानीय कोष तहसील वा माल कार्यालयको प्रमुख – – – – – – – – सदस्य
६. कर विभागको प्रतिनिधि – – – – – – – – – – – – – – – सदस्य–सचिव

आज्ञाले—
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

386

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

मुद्रण विभाग, सिंहदरबार

38C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।